सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ७ ♦ अंक २०३ ♦ २०८१ साल वैशाख ५ गते बुधबार ♦ 17 April 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

## मुख्यमन्त्री सरोजकुमार यादवले पाए चौथो पटक विश्वासको मत



**खबर दर्पण समाचारदाता**

**वैशाख ४ गते, जनकपुर**

मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले चौथो पटक विश्वासको मत प्राप्त गरेका छन् ।

बुधबार बसेको प्रदेश सभाको बैठकमा उपस्थित कुल सांसद ६१ जनामध्ये मुख्यमन्त्री सरोज कुमार यादवको पक्षमा ६१ मत खसेको थियो भने विपक्षमा शून्य मत खसेको थियो ।

मुख्यमन्त्री यादवले आफूलाई प्रदेशसभाको विश्वास छ भनी र ाखेको प्रस्तावमा १०७ प्रदेशसभा सदस्यमध्ये ६१ जनाले समर्थन जनाए ।

प्रतिपक्षी दलहरु कांग्रेस, जनमत र लोसपाका सांसदले बहिस्कार गरेका कारण विश्वासको मतसम्बन्धी प्रस्तावको विपक्षमा मत परेन ।

मंगलबार मुख्यमन्त्री यादवले विश्वासको मत लिने प्रयोजनका लागि बोलाइएको बैठक जनमत पार्टीले गत ८ माघमा सप्तरीको राजविराजमा कृषि विश्वविद्यालयको भवन शिलान्यासका क्रममा तत्कालीन शिक्षामन्त्री महेशप्रसाद यादवमाथि भएको आक्रमणको घटनाको छानबिन गर्न समिति गठनको माग गरेर अवरोध गर्‍यो ।

जनमतको अवरोधका कारण सभामुख रामचन्द्र मण्डलले १० मिनेटका लागि बैठक स्थगित गरेर दलहरुबीच छलफल गराएका थिए । तर छानबिन समिति गठनमा सहमति हुन नसकेपछि साँझ बसेको अर्को बैठक पनि जनमतले अवरोध गर्‍यो ।

तेस्रो पटक जनमतले नाराबाजी गरेपछि सभामुख रामचन्द्र मण्डलले जनमतका दलका नेता महेश प्रसाद यादवलाई बाहिर निकाल्न रुलिङ गरेका थिए । उनीसहित जनमतका सांसद निस्केपछि कांग्रेस र लोसपाका सांसद पनि बाहिर निस्केका थिए । त्यसपछि सभामुखले मत विभाजन गरी पक्ष र विपक्षमा मतदान गर्न समय दिएका थिए ।

## जनमत पार्टीले सदनमा अराजक र उपद्रवी काम गरे : मुख्यमन्त्री यादव



**खबर दर्पण समाचारदाता**

**वैशाख ४ गते, जनकपुर**

मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले सरकार सशक्त र दृढ भएर अघि बढ्ने बताएका छन् ।

मधेश प्रदेशसभाबाट मंगलबार विश्वासको मत हासिल गरेपछि मुख्यमन्त्री यादवले जनमत पार्टीले सदनमा अराजक र उपद्रवी काम गरेको आरोप लगाए । विश्वासको मत लिने मुख्यमन्त्रीको संवैधानिक प्रावधान बिथोल्नेगरी विश्वासको मत प्रस्ताव गर्ने दिनमा अन्य प्रस्ताव ल्याउनु नै अनुपयुक्त भएको उनले जिकिर गरे ।

मुख्यमन्त्री यादवले जनमत पार्टीले सदनलाई अशान्त बनाएकोमा आफू दुःखी भएको समेत बताए ।

उनले मुख्यमन्त्रीका रूपमा आफूले चारपटक विश्वासको मत लिनुपर ेको उल्लेख गर्दै अन्य प्रदेशको तुलनामा मधेश प्रदेश सरकारले र ाम्रो काम गरेको दाबी गर्दै आगामी दिनमा सरकारका कामकाज थप प्रभावकारी बनाउन योजनाबद्ध ढंगले अघि बढ्ने बताए ।

## बर्दिवासका ७८ जनालाई गाउँब्लक जग्गाको धनीपुर्जा वितरण



**खबर दर्पण समाचारदाता**

**वैशाख ४ गते, बर्दिवास**

महोत्तरीको बर्दिवासमा गाउँ ब्लक जग्गाको धनीपुर्जा वितरण गरिएको छ ।बर्दिवास नगरपालिका - ८ हात्तीलेटमा गाउँब्लक जग्गामा बस्दै आएका नगरवासीले मंगलवार लालपुर्जा पाएका हुन् ।लाभग्राहीहरूलाई बर्दिवास नगर पालिकाका प्रमुख प्रह्लाद कुमार क्षेत्री र महोत्तरीका प्रमुख जिल्ला अधिकारी शिबराम गेलालले संयुक्त रूपमा लालपुर्जा वितरण गरेको बर्दिवास नगरपालिका वडा नम्बर ८ का अध्यक्ष समशेर सिंह लामाले जानकारी दिए ।

पुस्तौँदेखि भोगचलन गर्दै आएका हात्तीलेटका ७८ परिवारलाई जग्गा धनीपुर्जा (लालपुर्जा) वितरण गरिएको बताईएको छ । दुईबर्ष अघि नगरपालिका प्रमुखमा क्षेत्री निर्वाचित भएपछी बर्दिवासमा बसोवास गरिरहेका वडा नम्बर २ का भुमिहिन ५३ नागरीकलाई यस अघिनै लालपुर्जा वितरण गरीसकेका छन । नगर प्रमुख क्षेत्रीले गाउँ ब्लकको लालपुर्जा वितरण हुनु बर्दिवास वासीका लागि ठूलो उपलब्धि भएको बताए। उनले गाँस, बास,कपास,शिक्षा स्वास्थ्य, रोजगार नागरिकको आधारभुत आवश्यकता भएको हुनाले त्यसैको एउटा खुड्किलो पुर्जा बितरण रहेको जनाए ।

क्षेत्रीले त्यसकालागी पुर्जा नभएको जग्गाको लगत संकलन, नापी लायतका आवश्यक प्रक्रिया पुर्‍याई नगरभित्र बाकी रहेका भूमिहीन, दलित, सुकुम्बासी र अव्यवस्थित बसोवासीलाई समेत जग्गाधनी पुर्जा वितरण गरिने जनाए ।

त्यसैगरी आफूले पितापुर्खादेखि बस्दै आएको घडेरीको लालपुर्जा पाएको भन्दै स्थानीय पुर्जा पाएकाहरुले खुसी व्यक्त गरे हामी यहीँ हुर्केको थलो हो 'बल्लबल्ल लालपुर्जा पाइयो, निकै खुसी लागेको छ लालपुर्जा नहुँदा समस्या पर्दा बन्दकी देखाउने सम्पत्ति थिएन लालपुर्जा पाएका जेष्ठ नागरिक

*बाँकी पृष्ठ २ मा*

## बर्दिवास मै पहिलो पटक

अब शुभस्वस्तिकको आफ्नै भवनमा अत्याधुनिक मेसिनबाट सर्जरी सेवा तथा अन्य सेवासुविधा सहित नव वर्ष २०८१ वैशाख १ गते बाट १५ दिन सम्म विशेष छुटको अवसर मा रहेको सम्पूर्ण महानुभावहरुलाई सूचना गराउन चाहन्छौ।

**हाम्रा सेवाहरु:**

**लाप्रोस्कोपी सर्जरी, इनडोस्कोपी सर्जरी, युरोलोजी सर्जरी, डायोड लेजर २४सै घण्टा इमर्जेन्सी सेवा**



# महोत्तरीका ७१ हजार बालबालिकालाई भिटामिन 'ए' खुवाइने



**रवीन्द्र उप्रेती**

**वैशाख ४ गते, बर्दिवास**

स्वास्थ्य कार्यालय महोत्तरीले जिल्लाका बालबालिकालाई वैशाख ६ र ७ गते भिटामिन 'ए' र जुकाको औषधी खुवाउने सम्पूर्ण तयारी पूरा गरेको जनाएको छ। कुपोषणले आक्रान्त महोत्तरीमा यो कार्यक्रमलाई प्रभावकारी बनाउन सवैसँग सहयोग र सहकार्यका लागि आग्रह गरिएको छ।

राष्ट्रिय भिटामिन 'ए' कार्यक्रमअन्तर्गत महोत्तरीका ६ देखि ५९ महिना उमेर समुहका ७१ हजार ८७२ जना बालबालिकालाई भिटामिन 'ए' ख्वाउन लागिएको स्वास्थ्य कार्यालय महोत्तरीकी फोकल पर्सन प्रतिभा सिंहले जनाउनुभयो।

कार्यक्रमबारे जानकारी दिन कार्यालयले मङ्गलवार आयोजना गरेको पत्रकार सम्मेलनमा सिंहले जिल्लाका १५ वटै स्थानीय तहहरुको सहकार्यमा भिटामिन 'ए' का साथै १२ महिनादेखि ५ वर्षसम्मका बालबालिकालाई जुकाको औषधी ख्वाउन जिल्लाभर यसको तयारी गरिएको बताउनुभयो।

भिटामिन 'ए' र जुकाको औषधी ख्वाउन आएकामध्ये यसअघि खोप लगाउन छुटेका बालबालिकालाई नजिकको स्वास्थ्य संस्थामा पठाई खोप लगाउने व्यवस्था पनि मिलाइएको छ। यसका लागि स्थानीय तहहरुले सबै वडा र पाएक पर्ने स्थानमा स्वास्थ्य स्वयंसेविकालाई परिचालन गरिने जनाएका छन्।

बर्दीबास नगरपालिकाको १४ वटा वडाका ७ हजार बालबालिकालाई भिटामिन 'ए' र जुकाको औषधी ख्वाउन ७२ जना महिला स्वास्थ्य स्वयंसेविका परिचालन गरेको नगर स्वास्थ्य शाखाका प्रमुख सुरेश पासवानले जनाउनुभयो।

# बर्दिवासका ७८ जनालाई. . .

खडक बहादुर खत्रीले भने

बर्दिवास क्षेत्रका अधिकांश परिवारको अवस्था उस्तै छ। लालपुर्जा नहुँदा पुस्तौँपुस्ता बिताएको जमिन आफ्नो भन्ने अवस्था नरहेको उनीहरूको गुनासो रहेको छ।

जग्गा धनीपुर्जा पाएकाहरुले आफूहरू अब सुकुम्बासी नरहेको उनीहरूको प्रतिक्रिया छ।घडेरी हुँदा मात्र पनि जीवन निकै सुखी भएको महसुस गर`को बर्दिवास ८ का पदम बलम्पाकीले लालपुर्जा पाएपछी खुशी हुँदै सुनाए।

सोही स्थानका नन्दलाल सुस्लिङ्गले वर्षौंदेखि जग्गा भएर पनि आफूहरू आफ्नै जग्गाको अधिकार विहीन भएर बसेको बताए।

सो स्थानमा वर्षौंदेखि गाउँ ब्लक जग्गाहरूको जग्गाधनी दर्ता प्रमाण पुर्जा जारी नहुँदा भुमि अधिकार मञ्चको पहलमा नापी तथा जग्गाधनी पुर्जा वितरण भएको राष्ट्रिय भुमि अधिकार मञ्चका केन्द्रिय सचिब फौद सिंह स्याङ्गवाले बताए।


सामाजिक संचालको प्रयोग गर्दा
रावधानी अपनाऔं
सामाजिक मर्यादाको ख्याल गरौं

## सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।

लक्ष्मीनियाँ गाउँपालिका, धनुषा

## मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

लोहारपट्टी नगरपालिका, महोत्तरी

## मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

बलवा नगरपालिका, महोत्तरी

## हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

रामगोपालपुर नगरपालिका, महोत्तरी

## हावाहुरी र आगलगीबाट बचौँ

सुख्खा र तातो मौसम चढे लगत्तै हावाहुरीको सम्भावना अधिक भएकोले जथाभावी आगो नबालौं।

बालबालिकाहरुलाई सलाई, लाईटर वा घुँरको आगोबाट टाढा राखौं।

फागुनदेखि बैशाखसम्म सुख्खा मौसम पश्चिमी वायु चल्दा सुख्खापनले आगो लाग्ने सम्भावना अधिक हुन्छ, आगो बालेर नछाडौं।

घरको छाना, घर लगत्तै अधिक मात्रामा सुख्खा दाउरा नराखौं, दाउरा राखेपनि आगोबाट अधिक टाढा राखौं।

माथिल्लो छतहरुमा राखिएको फूलको गमलाहरु हावाहुरीमा सुरक्षित राखौं।

सवारी साधन चलाउने बेलामा हावाहुरी आउँदा रोकेर बसौं।

औरही नगरपालिका, महोत्तरी

## डढेलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

गौशला नगरपालिका, महोत्तरी

# मधेश प्रदेशमा मन्त्रिपरिषद् पुनर्गठन




**खबर दर्पण समाचारदाता**

**वैशाख ४ गते, जनकपुर**

मधेश प्रदेश सरकारले मङ्गलबार मन्त्रिपरिषद् पुनर्गठन गरेको छ । लोकतान्त्रिक समाजवादी पार्टीका( लोसपा) वन तथा वातावरणमन्त्री रमेशप्रसाद कुर्मीलाई हटाएर मन्त्रिपरिषद् पुनर्गठन गरिएको हो ।

मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवको सिफारिसमा प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले संविधानअनुसार कार्य जिम्मेवारी र कार्य विभाजनसहित मन्त्रिपरिषद् पुनर्गठन गरिएको प्रदेश प्रमुखको कार्यालय मधेश प्रदेशले जारी गरेको विज्ञप्तिमा जनाएको छ। पुनर्गठित मन्त्रिपरिषदमा मुख्यमन्त्री यादवले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, श्रम तथा यातायात मन्त्रालय, वन तथा वातावरण मन्त्रालयको कार्य जिम्मेवारी सम्हाल्नु भएको छ ।

भौतिक पूर्वाधार विकासमन्त्रीमा सरोजकुमार यादव, अर्थमन्त्रीमा सञ्जयकुमार यादव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रीमा गोविन्दबहादुर न्यौपाने, खेलकुद तथा समाज कल्याणमन्त्रीमा सुरीताकुमारी साह, गृह तथा सञ्चारमन्त्रीमा राजकुमार लेखी, ऊर्जा सिँचाइ तथा खानेपानी मन्त्रीमा सिंगासन सा कलवार, स्वास्थ्य तथा जनसंख्या मन्त्रीमा शत्रुधन सिंह, उद्योग वाणिज्य तथा पर्यटन मन्त्रीमा सुनिता यादव, ऊर्जा सिँचाइ तथा खानेपानी राज्यमन्त्रीमा शेखअबुलकलाम आजाद, उद्योग वाणिज्य तथा पर्यटन राज्यमन्त्रीमा रहबर अन्सारी र स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्रीमा केशव राय रहनु भएको छ ।यसअघि २०८० चैत १० गते १४ सदस्यीय पुनर्गठित मन्त्रिपरिषद् रहेको थियो भने अहिले १३ सदस्यीय रहेको छ । लोसपाले मुख्यमन्त्री सरोजकुमार यादवलाई विश्वासको मत नदिने सार्वजनिक भएपछि सो पार्टीबाट मन्त्री बन्नु भएका कुर्मीलाई मात्र हटाएर मन्त्रिपरिषद् पुनर्गठन गरिएको आङ्कलन गरिएको छ ।

**वन जंगल डढेलोबाट जोगाउँ वन अतिक्रमण गर्ने कार्य कानुन विपरित हो । त्यस्ता कार्य गर्नेलाई चेतना प्रदान गरौं । वन पैदाबार जडीबुटीको अबैध ओसार- पोसार र जीवजन्तुको अबैध सिकार नगरौं ।**

**डिभिजन वन कार्यालय**

धनुषा,जनकपुरधाम

सूचना ! सूचना !!! सूचना !!!

सडक हामी सबैको साँझा सम्पती हो । सडक सिमा अतिक्रमण नगरौं । सडक सिमाभित्र फोहर, गोबर, खरानी लगायतका सामानहरु नराखौं । निर्माण सामाग्री थुपार्ने ढल निकास गर्ने जस्ता कार्यहरु नगरौं । सडक दुर्घटनाबाट जोगाऔं र अरुलाई पनि जोगाऔं ।

**डिभिजन सडक कार्यालय**

**मुजेलिया, जनकपुर**

# २ करोड 'अपचलन' भेटिए पनि रविलाई छुट, प्रहरी भन्छ– ऋण लिनेको के दोष ?





**उजिर कार्की**

**वैशाख ४ गते, काठमाडौं**

रुपन्देहीको बुटवलस्थित सुप्रिम बचत तथा ऋण सहकारी संस्थाको रकम अपचलनमा उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेको नाम पनि जोडिएको छ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापतिसमेत रहेका उनलाई कारबाहीको दायरमा ल्याउन माग गर्दै बुटवलमा सहकारीपीडितले प्रदर्शनसमेत गरेका छन्।

उनलाई अनुसन्धानको दायरामा नल्याई मुद्दा दायर गरेको आरोप लगाउँदै बचतकर्ताले मंगलबार प्रदर्शन गरेका हुन्। जिल्ला अदालत रुपन्देहीमा यही मुद्दाका अरू प्रतिवादीको थुनछेक बहस चलिरहँदा रविलाई उन्मुक्ति दिएको भन्दै सडकमा बचतकर्ता प्रदर्शन गरिरहेका थिए। प्रहरी र सरकारी वकिल कार्यालयले सहकारीबाट २ करोड रुपैयाँ लामिछानेका नाममा ऋण प्रवाह भएको विवरण अभियोगपत्रमा लेखे पनि प्रतिवादी बनाएर मुद्दा भने चलाएनन्।

सुप्रिम सहकारीका १ हजार ८३१ जना बचतकर्ताले प्रहरीमा जाहेरी दिएका थिए। उनीहरूको ८६ करोड १८ लाख रुपैयाँ ठगी भएको जाहेरीमा उल्लेख छ। सोही जाहेरीका आधारमा बिगो माग दाबी गर्दै अदालतमा मुद्दा दायर गरिएको छ।

अभियोगपत्रमा लामिछानेले पनि २ करोड रुपैयाँ कुनै प्रक्रिया पूरा नगरी ऋण लिएको उल्लेख छ। यस्तै उनी सेयरधनी तथा प्रबन्ध सञ्चालक रहेको कम्पनीमा ठूलो रकम प्रवाह भएको पनि देखाइएको छ। तर, उनलाई प्रतिवादी भने बनाइएको छैन। प्रहरीले यस विषयमा रविलाई सोधपुछ गरेर कागज पनि गराएको छैन।

प्रहरीले रवि गृहमन्त्री भएसँगै यो मुद्दामा उनकै बचाउ गर्दै आएको छ। रुपन्देहीका प्रहरी प्रमुख एसपी रञ्जितसिंह राठौरले रवि लामिछानेको संलग्नता नदेखिएकाले नै उनलाई प्रतिवादी नबनाएको बताए।

'उहाँ (रवि लामिछाने) को संलग्नता नदेखिएकाले नै प्रतिवादी नबनाइएको हो। ऋण लिनु भनेको गल्ती होइन। ऋण दिनेलाई पो कारबाही होला त, ऋण त जसले पनि लान पायो नि', एसपी राठौरले नेपालखबरसँग भने, 'त्यसमा पनि उहाँहरूलाई झुटा ऋणी खडा गरिएको हो।' ऋणी अरू पनि रहेको र उनीहरू कसैलाई प्रतिवादी नबनाएको एसपी राठौरको भनाइ छ। प्रहरीले उनीसँग सोधपुछ गर्नुपर्ने विषयसमेत नभएको बताएको छ।

एसपी राठौरले उदाहरण दिँदै भने, 'यदि कसैले गैरकानुनी रूपमा ऋण लियो भने ऋण दिने मान्छेलाई पो कारबाही हुन्छ त। ऋण लिने मान्छेलाई कारबाही हुँदैन नि।'

यस मुद्दामा संलग्न अरू केही खुलेको बखत पूरक अभियोग लैजान सकिने पनि राठौरले बताए। 'अदालतमा आजदेखि बहस सुरु भएको छ। भोलि अदालतले थप अनुसन्धान गर्न वा भएकै व्यक्ति पनि को संलग्न छन्, छैनन् भनेर बोल्छ। त्यो अवस्थामा थप अनुसन्धान गरेर पूरक अभियोग लैजान सकिन्छ,' राठौरले भने।

अभियोगपत्रमा पनि भोलिका दिनमा थप खुल्न आएमा पूरक अभियोग ल्याइनेछ भनेर उल्लेख गरिएको छ।

प्रहरीले यसरी रविलाई छुट दिएपछि बचतकर्ताले लामिछानेलाई छानविनको दायरामा ल्याउन र फरार रहेका सहकारीका पूर्वअध्यक्ष जीबी भन्ने गितेन्द्रबाबु राईलाई पक्राउ गर्न पनि माग गरेका छन्।

जीबीलाई पक्राउ गर्नुपर्ने दायित्व बोकेका रवि आफै उनका व्यावसायिक साझेदार हुन्। रवि गृहमन्त्री बनेसँगै जीबीलाई पक्राउ गर्ने विषय पनि सेलाएको छ।

यसअघि प्रतिपक्षमा हुँदा रवि आफैँ जीबीलाई पक्राउ गर्न केले रोक्यो भन्दै सरकारलाई चुनौती दिँदै आएका थिए। तर, आफूले गृह मन्त्रालय सम्हालेको डेढ महिना भइसक्दा पनि पक्राउ गरेर नेपाल ल्याउन तदारुकता देखाएको पाइँदैन।

उनी गृहमन्त्री हुनुअघि जीबीलाई नेपाल ल्याउन सरकारले सुरुमा रेड नोटिस जारी गराएको थियो। तर, मलेसियाले जीबीलाई डिपोर्ट गर्नका लागि कूटनीतिक पत्र माग गरेपछि कूटनीतिक पत्र पनि पठाइसकिएको थियो।

त्यसपछि रबिले गृह मन्त्रालयको जिम्मेवारी पाए। उनी गृहमा प्रवेश गरेपछि भने जीबीलाई ल्याउने विषयमा थप पहलस्वरूप कुनै कदम चालिएको छैन।

**कांग्रेसको निशाना**

यसअघि पोखराको सूर्यदर्शन सहकारी घोटालामा नाम जोडिएको भनेर कांग्रेसले रवि लामिछानेमाथि संसदीय छानबिनको माग गरिरहेको थियो। बुटवलको सुप्रिम सहरकारीको विवरणले प्रतिपक्षी दललाई थप 'मसला' मिलेको छ।

रवि गृहमन्त्री भएदेखि नै उनीमाथि छानबिनको माग गर्दै कांग्रेसले संसद अवरोध गरे पनि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र प्रमुख सत्ता साझेदार दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली उनको बचाउमा छन्। उनीहरूले रवि निर्दोष रहेको दाबी गर्दै छानबिन आवश्यक नै नरहेको सार्वजनिक रूपमै बताउँदै आएका छन्।

कांग्रेसले रविलाई रोस्ट्रममा गएर आफ्ना कुरा राख्नसमेत नदिएपछि सरकारले संसदको हिउँदे अधिवेशन नै अन्त्य गरिदियो।

कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले भने फेरि संसद अधिवेशन सुरु भएपछि पनि यो विषयलाई नछाड्ने बताए।

'यो विषय निराकरण नहुँदासम्म कांग्रेसले उठाइरहन्छ,' महामन्त्री शर्माले नेपालखबसँग भने, 'यस विषयमा छलफल, बहस हुन्छ। कांग्रेसको कुरा प्रस्ट छ, यहाँ फट्याइँ भएको छ। संसदीय छानबिन समिति बनाउनुपर्छ। र विजीले पनि अलिक अगाडि एउटा मुद्दामा संसदीय छानबिन समिति बनाउनुपर्छ भन्नुभएको थियो। त्यसैले यसमा पनि संसदीय छानबिन समिति बनाऊँ।'

सदन खुलेपछि अझै घनघोर रूपले उठाउने पनि महामन्त्री शर्माले बताए।

**जानकी एकेडेमीक हस्पिटल प्रा.लि.**

Hot line number

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौं ।**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठुलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३इ्रीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशनको सुविधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

# नगरवासीले बिकासको अनुभुती हुने किसिमको कामगर्ने योजना सहित अघि बढ्दै छु : नगर प्रमुख क्षेत्री



**खबर दर्पण समाचारदाता**

**वैशाख ४ गते, बर्दिवास**

बर्दिवास नगरपालिकाका प्रमुख प्रह्लाद कुमार क्षेत्रीले बाँकी कार्यकालको अबको तीन बर्षे कार्यकाल भित्रै नगरवासीले बिकासको अनुभुती हुने किसिमको कामगर्ने योजना रहेको बताएका छन ।

महोत्तरीको बर्दिवासमा आयोजित बर्दिवास नगर खेलकुद बिकास समितीले आयोजना गरेको एनफा अन्डर १३ फुटबल खेलको छनोट प्रक्रिया अन्तरगत बर्दिवास नगर पालिकाबाट काठमाडौंमा छनौटकालागि जाने बर्दिवास नगरपालिका भित्रका फूटबल टोलीलाई मंगलवार विदाई तथा सम्मान कार्यक्रम लाई सम्बोधन गर्ने क्रममा उनले नगर भित्र हाल शिक्षा, स्वास्थ्य ,खेलकुद जस्ता महत्वपूर्ण कामलाई प्राथमिकतामा राखेर काम गरेकै कारण नगरमा बिगतको भन्दा अहिले खेलकुद तथा अन्य क्षेत्रको बिकासले समेत फड्को मार्दै गएको उल्लेख गरे ।

प्रमुख क्षेत्रीले खेल र खेलाडीको बिकास नगरपालिकाको मुख्य दायित्व भएकाले यसकोलागी देखिएको समस्या समाधान गर्न खेलकुद समितीलाई निर्देशन दिएको जनाए ।

खेलकुमा बर्दिवासको नाम उच्च राख्न खेलाडीलाई हौसला प्रदानगर्दै नगर प्रमुखले यहाँको खेलाडीले खेल जगतमा नगरलाई स्वदेश तथा बिदेशमा चिनाउने गरी मेहनत गरेर अधिबढने समेत बिश्वास व्यक्त गरे ।

बर्दिवास नगर खेलकुद बिकास समितीका अध्यक्ष दिपेन्द्र शिबभक्तीको अध्यक्षतामा भएको बिदाई तथा सम्मान कार्यक्रमा एनफा अन्डर १३ फुटबल प्रतियोगिताको छनोट खेल्नका लागि काठमांडौ जाने बर्दिवासका समुदायिक तथा संस्थागत बिद्यालयका ९ जना फूटबल खेलाडीलाई विदाई तथा सम्मान गरिएको थियो ।

# तेल ट्यांकरको ठक्करबाट प्रहरी जवानको मृत्यु

**खबर दर्पण समाचारदाता**

**वैशाख ४ गते, बारा**



बारामा तेल ट्यांकरले ठक्कर दिँदा एक प्रहरी जवानको मृत्यु भएको छ ।मृत्यु हुनेमा जिल्ला प्रहरी कार्यालय पर्सामा कार्यरत प्रहरी जवान २९ वर्षीय दिनेश परियार छन् ।

बाराका प्रहरी प्रवक्ता डिएसपी दधिराम न्यौपानेका अनुसार पथलैयाबाट वीरगन्ज तर्फ जाँदै गरेको परियार चढेको ग १४ प ५९७२ नम्बरको मोटरसाइकललाई सोही दिशा तर्फ जादै गरेको ना ७ ख ३०२६ नम्बरको तेल ट्याङकरले जितपुरसिमरा उपमहानगरपालिका २ सञ्चार नजिक ठक्कर दिएको थियो । ठक्करबाट गम्भीर घाइते प्रहरी जवान परियारको उपचारको क्रममा परवानीपुर स्थित एल एस न्युरो हस्पिटलमा राति १: २२ मिनेटमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

# बलात्कार आरोपमा एक जना पक्राउ

**महोत्तरी** / महोत्तरीमा बलात्कार आरोपमा एक जना पक्राउ परेकाछन् ।

पक्राउ पर्नेमा गौशला नगरपालिका वडा नं.७ जमुनिया बस्ने ५६ वर्षीय गिरीदेव चौधरी रहेको प्रहरीले जनाएको छ।चौधरीलाई वैशाख ३ गते १८ वर्षिया स्पष्ट संग बोल्न नसक्ने एक युवतीलाई बलात्कार गरेको आरोपमा पक्राउ गरिएको प्रहरीले जनाएको छ।

पीडिट्आट फ्नो घरमा बसी रहेको बेला घरमा कोहि नभएको अवस्थामा चौधरीले बलात्कार गरेको इलाका प्रहरी कार्यालय गौशलामा दिएको जाहेरीमा उल्लेख गरिएको छ।जाहेरी दर्ता भए लगतै आरोप चौधरीलाई पक्राउ गरी आवश्यक अनुसन्धान थालेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

प्रो. अशोक कुमार महतो मो. ९८०७६७६८२०
प्रो. बेचन महतो मो.९८०७६९०२०९, ९८४३११८५३५

रूफटप होटल एण्ड गेष्ट हाउस

मिटिङ्ग हल, पार्टी पैलेश

गौशाला नगरपालिका- २, निगौल (नर्सिङ्ग पेट्रोल पम्पको अगाडी)



यहाँ मासु फ्राई, माछा फ्राई, नस्ता (खाजा), खाना, सेकुवा तन्दुरी रोटी, पनिर, शाही ललिपप चिकेनचिल्ली, रोस्ट, छोले भटुरे ईत्यादी पाउनुको साथै गेष्ट हाउस र शादी विवाह तथा अन्य शुभ कार्यका लागि मिटिङ्ग हल, पार्टि पैलेशको व्यवस्था छ । साथै होम डिलेभरिको व्यवस्था पनि छ ।

## मोटर साइकल हरायो

मिति २०८० चैत्र १२ गते घरवाट वर्दिवास चोकमा आएर पार्किङ गरेर राखिरहेको अवस्थामा अन्दाजी वेलुकाको ६:३० बजे मेरो तपसील अनुसारको मोटरसाइकल हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकै प्रहरी चौकीमा जिम्मा लगाई सहयोग गरिदिनु हुन अनुरोध छ।

<u>तपसील</u>

**सबारी धनिको नाम** : श्रीराम कुमार शर्मा
**ठेगाना** : बर्दिवास -८ हातिलेट महोत्तरी
**मोटरसाइकल नम्बर** : प्रदेश २- ००२ प. ६५५४
**मोटरसाइकल कम्पनी** : हिरो
**मोडेल** : सुपर स्प्लेनडर
**सिसि** : १२४.७
**रंग** : कालो
**इन्जिन नम्बर** : JAO5EGK9J02854
**चेसिस नम्बर** : MBLJAR031K9K00349
**सबारी धनीको सम्पर्क नम्बर** : ९८४४२२१३०४

## विषादीको प्रयोगमा सचेत बनौं

- विषादीको प्रयोगबाट व्यक्तिमा देखिने लक्षणहरु :
- थकान महशुस हुनु, टाउको दुख्नु, रिङ्गटा लाग्नु, छाती दुख्नु ।
- छाला लाटो हुनु, चिलाउनु र फोका आउनु ।
- आँखा रातो हुनु, पोल्नु, आँसु बगिरहनु, धमिलो देखिनु र आँखी भौ फरफराउनु ।
- नाक पोल्ने, पातलो सिंगान बगिरहनु, खोकी लाग्नु, वाक(वाकी लाग्नु, वान्ता हुनु र निद्रा नपर्नु ।
- हिँड्दा लडखडाउनु, कम्पन हुनु, होस हराउनु, स्वाँ(स्वाँ बढ्नु, र मुर्छा पर्नु ।

त्यसबाट प्यारालाइसिस, हृदयघात तथा मृत्यु समेत हुन सक्ने भएकाले विषादीको प्रयोगमा सावधानी अपनाऔं ।

मिथिला नगरपालिका
धनुषा

## आगलागी तथा डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाइटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं ।
- जंगलमा सलाई तथा लाइटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं ।
- सानो असावधानीले जंगल मात्र होइन आसपासका वस्तीसमेत उडाउ हुन सक्छन् ।
- जनधन र वनको संरक्षण गरौं ।

सचेत बनौं, डढेलो तथा आगलागीबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

गणेशमान चारनाथ नगरपालिका
धनुषा

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा